# हाम्रो सिद्धिचरण नगरपालिका

## कक्षा-३

### प्रमुख सल्लाहकार:

बलराम लम्साल
(प्रमुख प्रशासकीय अधिकृत)

### सल्लाहकार:

फणिन्द्र बहादुर कटवाल
शाखा प्रमुख
(शिक्षा युवा तथा खेलकुद शाखा)

डिल्लीराम कार्की
माध्यमिक शिक्षक प्रथम श्रेणी
(सगरमाथा जनता मा.वि., ओखलढुङ्गा)

## लेखन तथा सम्पादन

## युवराज दाहाल

### प्राविधिक सहयोग

नारायण गोपाल ढकाल
प्रा.स. (शिक्षा युवा तथा खेलकुद शाखा)

प्रकाशक:
**सिद्धिचरण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
ओखलढुंगा
कोशी प्रदेश, नेपाल

# हाम्रो भनाइ

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीयतहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीयतहको अधिकार रहने व्यवस्था रहेको छ । यही व्यवस्था अनुरुप यस सिद्धिचरण नगरपालिकाले पनि आफ्नो अधिकार र कर्तव्य बोध गरी वि.सं. २०७९ सालमा "हाम्रो सिद्धिचरण नगरपालिका" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि नै कक्षा १-८ मा कार्यान्वयन माल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई शैक्षिक सत्र २०८० देखि प्रयोगमा ल्याउने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक सिद्धिचरण नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७९ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्त्वपूर्ण स्थल एवं विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ । यसमा धार्मिक, सांस्कृतिक विविधता भित्रको एकता, सिद्धिचरण नगरपालिका भित्रको पर्यटकीय सौन्दर्यलाई विषयवस्तु भित्र समेटिएको छ । सिद्धिचरण नगरपालिका अन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वाबाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ ।

पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वानहरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिनेछ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकता अनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलाप अर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना र परियोजना अर्न्तगतका निर्देशन अनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट विद्यार्थीले पाठ्यक्रम द्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्दछ । त्यसैले यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकमा सिद्धिचरण नगरपालिकाको सेरोफेरो, पर्यटकीय स्थलहरू, हाम्रो संस्कृति, हाम्रो आस्था, भेषभुषा लगायतका विषयवस्तुहरूलाई कक्षागत स्तरका आधारमा क्रमशः समेटिएको छ ।  प्रस्तुत पाठ्यपुस्तक तयार गर्ने क्रममा नगरपालिकाबाट विभिन्न समयमा प्रकाशित स्मारिका, वेभसाइट, स्थानीय विज्ञजन आदिलाई सामग्रीको स्रोतका रूपमा उपयोग गरिएको छ । जस जसका सामग्रीलाई स्रोतका रूपमा लिइएको छ, उहाँहरू धन्यवादका पात्र हुनुहुन्छ ।


अन्त्यमा यो पाठ्यसामाग्रीलाई सहयोगी सामाग्रीको रुपमा प्रयोग गर्नका साथै पाठ्यसामाग्रीमा भएका त्रुटीहरू औंल्याईदिनु भई रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

| विषय सूची | पृष्ठ संख्या |
|---|---|
| म र मेरो वडा | १ |
| हाम्रो धार्मिक आस्था | ९ |
| हाम्रो चाडपर्व | १७ |
| हाम्रो भेषभुषा | २९ |
| हाम्रो संस्कृति | ३३ |
| सिद्धिचरण पार्क | ३८ |

# पाठ १

# म र मेरो वडा

## १.तल दिइएको सिद्धिचरण नगरपालिकाको नक्सा हेरी आफ्नो वडा पत्ता लगाउनुहोस् ।




## २. तलका प्रश्नहरूवारे विचार गर्नुहोस् ।

क) हाम्रो नगरपालिकाको नाम के हो ?

ख) तपाईंको वडा भित्र भएका कुनै तीनवटा टोलको नाम भन्नुहोस् ।

ग) तपाईंको घर नजिकै कसको घर रहेको छ ?

घ) तपाईं बसेको वडा हाम्रो नगरपालिकाको कति नं. वडा हो ?

## ३.तल दिइएको पाठ पढ्नुहोस् ।

मेरो नाम लाक्पा ङिमा शेर्पा हो । म अहिले आठ वर्षको भएँ । म तीन कक्षामा पढ्दैछु । म सिद्धिचरण नगरपालिकाको वडा नं. ७ मा बस्छु । मेरो वडाको नाम विगुटार हो । यस वडाको पूर्वमा वर्णालु, दक्षिणमा मोलुङ गाउँपालिकाको बरुणेश्वर, पश्चिममा मोलुङ गाउँपालिकाको राँगादिप र उत्तरमा जन्तरखानी पर्दछ ।



हाम्रो वडामा स्वास्थ्यचौकी, विद्यालय, वडा कार्यालय जस्ता सरकारी कार्यालयहरू रहेका छन् । साथै माझखर्क, सर्सेपु, टक्सार, धनेपु, घुन्सा, सुर्के, दोल्पु, तोजिङ, बुकेभँगेरी, फन्दपु, टोड्के, चित्रे जस्ता टोल र बस्तीहरू रहेका छन् ।



म पढ्ने विद्यालयको नाम विगुटार माध्यमिक विद्यालय हो । यो विद्यालय गाउँको बीच भागमा पर्दछ ।



बिद्यालयबाट नजिकै समथर भागमा वडा कार्यालय रहेको छ। गाउँको सबैभन्दा तल्लो भागमा पोक्तिङ खोला रहेको छ । यो खोला गाउँको सबैभन्दा होचो भाग हो ।



हाम्रो गाउँबाट पारि पट्टि बिल्दु गाउँ देखिन्छ । यो अग्लो ठाउँमा रहेको छ । गाउँको माथिपट्टि रहेको भिरमा हरियाली जङ्गल रहेको छ ।




गाउँ भन्दा तल बेसीमा धान फल्ने खेतहरू रहेका छन । तारेभिर, मझुवा, बैशाखे, चैते, ह्याकुले, र गैरीडाँडा हाम्रो गाँउको माथिल्लो भागमा रहेका लेकहरू हुन् ।



यसरी हाम्रो वडामा अग्लो होचो, समथर, लेक, बँसी मिलेर बनेको हुनाले हाम्रो गाउँ सुन्दर देखिन्छ ।

## क्रियाकलाप

### १) तलका प्रश्नको उत्तर लेख्नुहोस।

क) तपाईंको गाउँमा समथर,भिर ,कान्ला, बारी, खेत, खोल्सा के कस्ता जमिन छन् ? लेख्नुहोस् ।

ख) तपाईं घरबाट विद्यालय जाँदा कस्तो बटो हिड्नु हुन्छ ?

ग) तपाईंको विद्यालय कस्तो ठाउँमा छ ? लेख्नुहोस् ।

घ) तपाईंको वडाको वडा कार्यालय रहेको टोलको नाम लेख्नुहोस् ।

### २) धर्का तानेर चित्र र शब्दको जोडा मिलाउनुहोस् ।

अग्लो,



होचो



समथर



भिरालो



**३) आफ्नो वडाको विवरण भर्नुहोस ।**

क) वडाको नाम...........

ख) वडा नम्बर..........

ग) सिमाना .............

घ) वडामा रहेका टोल बस्तीका नामहरू ...........

**४) तल दिइएको सिद्धिचरण नगरपालिका वडा नं ४ रुम्जाटारका युजन दाहालले रचना गरेको रुम्जाटार वारेको गीतलाई कक्षामा शिक्षकसँगै लय हालेर गाउनुहोस ।**



रुम्जाटारको पूर्वमा छ सुन्दर ठोट्ने खोला
पश्चिममा उसै गरी वग्छ सिस्ने खोला ।
उत्तरमा वर्णालु र हरियाली वन
दक्षिणको चार्खु फाँटले तान्यो मेरो मन ।

मन्दिर, गुम्बा, अस्पताल, स्कूल गाउँ माझ,
शुक्रवारे बजार तिर घुम्न जाऔं आज
विमानस्थल, खेल मैदान आहा ! कति राम्रो
समथर भुभाग छ सुन्दर गाउँ हाम्रो ।



## ५) खाली ठाउँ भर्नुहोस् ।

मेरो गाउँको नाम .................... हो । यो सिद्धिचरण नगरपालिकाको ........ नम्बर वडा हो । मेरो वडा नगरपालिकाको .............. भागमा अवस्थित छ । यहाँका मानिसहरू मुख्य गरी ................... पेशा गर्दछन् । मेरो वडामा जम्मा .......... वटा विद्यालयहरू छन । हाम्रो वडाको वडाध्यक्षको नाम ............... हो । म मेरो वडाको ............ टोलमा बस्छु ।

## ६) सिद्धिचरण नगरपालिकाको नक्सा हेरेर आफ्नो वडालाई पहिचान गर्नुहोस् र आफ्नो वडाको चारै दिशाको सिमाना लेख्नुहोस ।

## ७) चित्र बनाउनुहोस ।

विद्यालय

भिरालो पाखो

# हाम्रो धार्मिक आस्था

१) तलका तस्बिरलाई चिन्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।







## २) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) तपाईंका समुदायमा रहेका धार्मिक स्थलहरूको नाम लेख्नुहोस ।

ख) तपाईंको गाउँ वा टोलमा कुनै धार्मिक मेला लाग्ने गरेको छ ? यदि छ भने उक्त मेलाबारे कक्षामा छलफल गर्नुहोस् ।

ग) तपाईं आफुले मान्ने धर्मको र धार्मिक स्थलको नाम लेखी छलफल गर्नुहोस् ।

## ३) तल दिइएको पाठ पढ्नुहोस् ।

हाम्रो देश नेपाल बुहजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । धेरै धर्म मान्ने मानिसहरू बस्ने भएको हुनाले हाम्रो देशलाई बहुधार्मिक देश भनिएको हो । हाम्रो देशमा १० भन्दा बढी धर्म मान्ने मानिसहरू रहेका छन् । हरेक धर्मको आफ्नै सांस्कृतिक विशेषता रहेको छ ।

हाम्रो सिद्धिचरण नगरपालिकामा पनि विभिन्न धर्महरू जस्तै हिन्दु, वौद्ध, किराँत, क्रिस्चियन आदि मान्ने मानिसहरू बस्दछन् । हाम्रो समाजमा फरक फरक धर्म मान्ने मानिसहरू एक आपसमा मिलेर बसेका छन् । हामी सबैले सबैको धर्मको सम्मान गर्नुपर्दछ ।

## ४. क) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| हिन्दु | बुद्ध जयन्ती |
| इसाई | तिहार |
| बौद्ध | इद |
| इस्लाम | क्रिसमस |

## ख) शिक्षकको सहायताले मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् ।

अ) हिन्दुहरू .................... मा पूजा गर्दछन् । (मन्दिर/चर्च)

आ) बौद्धहरू ............... मा पूजा गर्दछन् । (मस्जिद/गुम्बा)

इ) मुन्धुम .............. धर्मको धार्मिक ग्रन्थ हो । (किरात/बौद्ध)

ई) बाईबल ........... धर्मको धर्मग्रन्थ हो । (क्रिश्चियन/इस्लाम)

उ) पुराण, गीता, रामायण, महाभारत .............. धर्मका पवित्र धार्मिक ग्रन्थ हुन् । (हिन्दु/बौद्ध)

ग) तल दिइएका तस्वीरहरू कुन धर्मसँग सम्बन्धित छन ? शिक्षकलाई सोधेर लेख ।









## ५) तल दिइएको पाठ पढी सोधिएको प्रश्नको जवाफ दिनुहोस् ।



एक दिन सिद्धिचरण नगरपालिका वडा नं. ५ मा रहेको राज्यलक्ष्मी माध्यमिक विद्यालयका कक्षा ३ का विद्यार्थीहरूलाई वडा नं. ४ रुम्जाटारको काफलबोटमा अवस्थित भगवती मन्दिरको बारेमा जानकारी लिन शैक्षिक भ्रमणमा लगिएको थियो । उक्त भ्रमणमा हाम्रो सिद्धिचरण नगरपालिका" विषयका शिक्षक पनि जानु भएको थियो । शिक्षकले विद्यार्थीहरूलाई मन्दिरमा भएका मुख्य मुख्य कुराहरू संकलन गर्ने जिम्मेवारी दिनुभयो । विद्यार्थीहरूले मन्दिरको बारेमा मुख्य-मुख्य कुराहरू यसरी संकलन गरे ।

**स्थान:** भगवती मन्दिर

**जिल्ला:** ओखलढुङ्गा

**नगरपालिका:** सिद्धिचरण

**वडा नं.**: ४

भगवती मन्दिर सिद्धिचरण नगरपालिकाको वडा नं. ४ रुम्जाटारको काफलबोटमा रहेको छ । यो मन्दिर हाम्रो बिद्यालयबाट दक्षिणतर्फ पर्दछ र बिद्यालयबाट मन्दिर पुग्न करिब आधा घण्टा लाग्दछ । भगवती मन्दिर एउटा ठूलो रुखमुनी अवस्थित छ ।



मन्दिर सँगै छेउमा  आकर्षक पार्क पनि निर्माण गरिएको छ ।



यस मन्दिरमा देवी भगवती र गणेशको मूर्ति रहेको छ । मन्दिर वरिपरिको वातावरण मनमोहक र आकर्षक रहेको छ । यस मन्दिरमा दसै तथा अन्य महत्वपूर्ण चाडपर्वमा भक्तजनहरू पूजाआजा गर्दछन् । मन्दिर आसपास खेतीयोग्य जमिन तथा घरहरू रहेका छन् ।

विद्यार्थीहरूले मन्दिरको वारेमा मुख्य कुरा टिपिसकेपछि शिक्षकले पालैपालो टिपोट गरिएका कुरा प्रस्तुत गर्न लगाउनु भयो । सबैले आफ्नो प्रस्तुति गरेपछि शिक्षकले त्यहाँ देखिएका थप कुराहरू टिपोट गर्न लगाउनु भयो वेलुकीपख सबै विद्यार्थीहरू आ-आफ्नो घर फर्किए ।

५) माथि दिइएजस्तै तपाईंको वडामा रहेका विभिन्न धर्मका धार्मिक स्थलहरूको भ्रमण गरी अवलोकन गर्नुहोस् र उक्त धार्मिक स्थलको नाम र रहेका स्थान लेख्नुहोस् ।

# हाम्रो चाडपर्व

१. तलका तस्बिरहरू हेर्नुहोस र कक्षामा छलफल गर्नुहोस् ।











## २. तलका प्रश्नहरूको उत्तर लेखि कक्षामा छलफल गर्नुहोस् ।

क) तपाईंको परिवारमा मनाइने चाडपर्वहरूको नाम लेख्नुहोस् ।

ख) तपाईंको वडामा मनाइने महत्वपूर्ण चाडपर्व र जात्राबारे एक अनुच्छेद लेखेर कक्षामा छलफल गर्नुहोस् ।

ग) बुद्ध जयन्ती कहिले मनाइन्छ ? लेख्नुहोस् ।

घ) तिहार कसरी मनाईन्छ ?लेख्नुहोस् ।

## ३. तल दिइएको पाठ पढ्नुहोस र दिइएको क्रियाकलाप गर्नुहोस् ।

हामी नेपालीहरू संस्कृतिमा धनी छौं । विविधतामा एकता हाम्रो विशेषता हो । हाम्रो नगरपालिकामा विभिन्न किसिमका चाडपर्वहरू मनाईन्छ ।

दसैं, तिहार, बुद्ध जयन्ती उधौली, ल्होसार, चण्डीनाच, गाईजात्रा,तिज, महाशिवरात्री, श्रीपञ्चमी, नयाँबर्ष, माघे संक्रान्ति, क्रिसमस, होली, मातातिर्थ औंसी, हरिशयनी एकादशी, जनैपूर्णिमा, कृष्णाजन्माष्टमी आदि हाम्रा महत्वपूर्ण चाडपर्वहरू हुन । हामीले मनाउने धार्मिक र सांस्कृतिक चाडपर्व हाम्रा महत्वपूर्ण सामाजिक सम्पति हुन् ।

चाडपर्वहरूले हामीलाई सत्कर्म तर्फ डोहोराउने तथा पारिवारिक र सामाजिक सम्बन्ध थप मजवुत पार्दछन् ।

४. युविज सिद्धिचरण नगरपालिका वडा नं. ३ मा बस्छन् । उनले आफ्नो समुदायमा मनाउने चाडपर्वको तालिका निम्न तरिकाले बनाए ।

| चाडपर्व | मनाउने तरिका |
|---|---|
| • दसैं<br>• तिहार<br>• सकेला/चण्डी नाच | • दुर्गापूजा गरेर, टिका लगाएर<br>• देउसी भैलो खेलेर, काग, कुकुर, गोरु, गाई र दाजुभाइको पूजा गरेर ।<br>• पुर्खाहरूको नाममा गीत गाउँदै विभिन्न सिलिहरूमा नाचेर |

क) तपाईं पनि युविजले जस्तै आफनो घरपरिवार र समुदायले मनाउने चाडपर्वहरू र मनाउने तरिका बारे निम्नअनुसारको तालिका बनाउनुहोस ।

| चाडपर्व | मनाउने तरिका |
|---|---|
| अ) | अ) |
| आ) | आ) |
| इ) | इ) |
| ई) | ई) |
| उ) | |

ख) शिक्षकको सहायता र भित्ते पात्रो हेरेर भाद्र महिनामा मनाइने चाडपर्वको नाम र मनाइने दिन तलको तालिकामा लेख्नुहोस् ।

| चाडपर्वको नाम | मनाइने दिन |
|---|---|
| | |

**५. तलका चाडपर्वहरू कुन महिनामा पर्दछन साथीहरुसँग छलफल गरी लेख्नुहोस् ।**

क) तमु ल्होसार

ख) दसैं

ग) क्रिसमस

घ) उभौली

ङ) सोनाम ल्होसार

च) ग्याल्पो ल्होसार

छ) बुद्ध पूर्णिमा

ज) तिहार

**६. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क) राई | क) ल्होसार |
| ख) ब्रम्हाण, क्षेत्री | ख) लाखे जात्रा |
| ग) गुरुङ, शेर्पा, तामाङ | ग) सकिला |
| घ) नेवार | घ) देवाली |

## ख) खाली ठाउँमा मिल्ने शब्दहरू लेख्नुहोस् ।

(जमरा, गुरुङ, तीज)

अ) दसैंमा टीका र ........................ लगाईन्छ ।

आ) विवाह गरेका छोरीचेलीहरू ............ मा माइत जान्छन्

इ) तमू ल्होसार ................ जातीले मनाउने चाड हो ।

## ७. जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| क) श्रीपंचमी | जर्नै फेर्ने दिन |
| ख) ग्याल्पो ल्होसार | तिलको लड्डु, घिउ, चाकु खानेदिन |
| ग) जनै पूर्णिमा | शेर्पाहरूको नयाँ वर्ष |
| घ) माघे संक्रान्ति | अक्षरारम्भ गर्ने दिन |

## ८) तलको पाठ पढ्नुहोस् ।



रोशनको घर सिद्धिचरण नगरपालिका वडा नं. ८ सल्लेरीमा पर्दछ । उनको घर नजिकै चम्पादेवी मन्दिर रहेको छ । यो मन्दिरमा हरेक वर्ष हरिबोधनी एकादशीको दिन देखि पञ्चमीको दिन सम्म मेला लाग्ने गर्दछ । यस अवसरमा विभिन्न ठाउँबाट मन्दिरको दर्शन गर्न र मेला भर्न हजारौं भक्तजनहरू आउने गर्दछन् । मन्दिर नजिकै एउटा सानो खोला पनि रहेको छ । वरपर हरियाली जङ्गल रहेको यस स्थान मनोरम दृष्यले भरिपूर्ण छ ।

**क) तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

अ) चम्पादेवी मन्दिर कहाँ पर्दछ ?

आ) चम्पादेवी मन्दिरमा कहिले मेला लाग्दछ ?

इ) हरिबोधनी एकादशी कुन महिनामा पर्दछ ?

ई) चम्पादेवी मन्दिरमा कति दिन मेला लाग्दछ ?

**९. तपाईंको घर परिवारमा मनाईने चाडपर्वमा खाईने विशेष खानेकुराको नाम आफ्नो अभिभावकलाई सोधेर लेख्नुहोस र कक्षाकोठामा साथीहरूसँग छलफल गर्नुहोस् ।**

**१०) तलको पाठ पढ्नुहोस् ।**

शिखा धमला सिद्धिचरण नगरपालिकाको वडा नं. १० बेतिनीमा बस्छिन् । आज उनको विद्यालयमा गुरुले कक्षा तीनका विद्यार्थीहरूलाई आफुलाई मनपर्ने चाडपर्वबारे जानेका कुरा लेख्न लगाउनु भयो । शिखाले आफुलाई मनपर्ने चाडवारे यसरी लेखिन :

मलाई मनपर्ने चाडपर्व होली हो । हाम्रो गाउँमा “होली” सबैभन्दा धुमधाम सँग मनाईन्छ ।



फागु पूर्णिमामा पर्ने यो पर्व रंगहरूको पर्व पनि हो । यस दिन टोल भरिका मानिस जम्मा भएर विभिन्न रङगहरू लगाएर खुसीयाली र हर्षोल्लासका साथ यो पर्व मनाउँदछौं ।



रमाइलो गर्ने,नाचगान गर्ने र मिठो खानेकुरा खाएर यो पर्व मनाउने भएकोले नै मलाई होली पर्व मन पर्छ ।

क) शिखाले जस्तै तपाईंलाई मनपर्ने कुनै एउटा चाडपर्वको वारेमा एक अनुच्छेद लेख्नुहोस् ।

११) भुमे पूजा बारे तलको पाठ पढ्नुहोस् ।

मेरो नाम निप्सुहाङ राई हो । मेरो घर सिद्धिचरण नगरपालिका वडा नं. ७ सर्सेपु, विगुटारमा पर्दछ । हाम्रो गाउँमा प्रत्येक वर्ष मङ्सिर र बैशाखमा उधौली र उभौली पर्व मनाउँछौ । यस पर्वको अवसरमा भुमे पूजा समेत गरिन्छ ।





यस दिन हामी प्रत्येक घरबाट भुमे पूजा गर्नको लागि गाउँको सिरानमा रहेको भुमेथानमा जान्छौ । भुमे पूजा भूमिको पूजा हो । भुमेथानमा दुईवटा थानको स्थापना गरिएको हुन्छ । एउटा थान भुमेथान हो भने अर्को थान सुसुथान (शिकारी थान) हो । यी थानहरूमा कुखुरा चढाउने चलन छ । भुमे पूजामा खास गरी लगाएको अन्नवाली राम्रो होस,

अन्नको सह होस, बाली नालीमा किरा नलागोस, खाद्य वालीमा प्राकृतिक प्रकोप नलागोस भनेर प्रकृतिको पूजा गरिन्छ ।

**क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

अ) निप्सुहाङको गाउँमा कुन पर्व मनाउने चलन छ ?

आ) उधौलि कुन महिनामा मनाईन्छ?

इ) भुमेथानमा कतिवटा थानको स्थापना गरिएको हुन्छ ?

इ) भुमेपूजा किन गरिन्छ ?

**१२) निप्सुहाङको गाउँमा भुमे पूजा मनाए जस्तै तपाईंको समुदायमा मनाइने पर्वको वारेमा कक्षामा छलफल गुर्नहोस् ।**

१३) तल दिइएका क्रियाकलाप कुन पर्वसँग सम्बन्धित छन् । सोधखोज गरेर लेख्नुहोस् ।

क) कन्दमूल तिलको लड्डु खाने गरिन्छ ।

ख) गाईको पूजा गरिन्छ ।

ग) गणेशकुण्डमा मेला लाग्दछ ।

घ) अविर र रंग प्रयोग गरेर पर्व मनाईन्छ ।

ङ) साकेला नाचिन्छ ।

## १४) ओखलढुङ्गा बजार क्षेत्रमा मनाईने लाखे जात्रा सम्बन्धी तल दिइएको पाठ पढ्नुहोस् ।

नेवार समुदायमा विभिन्न प्रकारका नाच एवं जात्राहरूको प्रचलन रहेका छन् । यी नाचहरूमध्ये लाखे नाच धेरै रोचक हुन्छ । मुख्य गरी ओखलढुङ्गा बजार क्षेत्रमा प्रचलित यो नाच वडा नं. ४ रुम्जाटारमा समेत मनाइन्छ ।





लाखे नाच विशेष गरेर ढोलक, झ्याली, हार्मोनियम, बाँसुरीको ताल र धुनमा नाच्ने गरिन्छ । लाखे नाचका क्रममा स्थानीय लोकभाका, स्थानीय भेषभुषा र

चालचलन एवं रोपाई जात्रा देखाउँदै समाजका विभिन्न विकृति माथि व्यंग्य प्रहार गर्ने गरिन्छ । यसरी देखाईने लाखे नाच हेर्नका लागि नगरपालिकाका अन्य वडा तथा छिमेकी गाउँपालिकाबाट समेत हजारौंको संख्यामा ओखलढुङ्गा बजारको गणेश मन्दिर अगाडि उपस्थित हुने गर्दछन् ।

**क) तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) लाखे नाच नाच्दा अनुहारमा के लगाउने गरिन्छ ?

ख) के तपाईंले कहिल्यै लाखे नाच हेर्नु भएको छ ? कक्षामा छलफल गर्नुहोस् ।

ग) शिक्षकको सहयोगमा कक्षामा लाखे नाचको अभिनय गर्नुहोस् ।

# हाम्रा भेषभुषा

१. तलका तस्वीरमा दिइएका भेषभुषाहरू कुन समुदायसँग सम्बन्धित छ लेख्नुहोस ।


शेरसिङ पोक्ता


छिरिङ्ग किङखाप स्योमुङ


फिङ्स्या/थाङस्या


छुवा


कारा


स्याङ्शिल


तेतुङ


खेन्ज्यार


चाम्फुरी (पियालक्चो)


हाकुपटासी


नारी मोक्ते

## २. तलका प्रश्नहहरूको उत्तर लेख्नुहोस ।

क) तपाईंको गाउँघरमा मानिसहरूले कुन-कुन पर्वमा के-के लगाउँछन् ? कक्षामा छलफल गरी लेख्नुहोस् ।

ख) तपाईंलाई मन पर्ने पहिरन कुन हो ? लेख्नुहोस् ।

## ३. तलको पाठ पढ्नुहोस् ।

आफ्नो रीतिरिवाज र चलनअनुसार लगाइने लुगा, कपडा र गहनाहरूलाई भेषभुषा भनिन्छ । हाम्रो नगरपालिकामा विभिन्न जात जातिहरूले आ-आफ्नो पहिचान झल्कने किसिमको भेषभुषा लगाउँदछन् । एउटै जातिको पनि पर्व,पूजा र जात्रा अनुसार फरक फरक भेषभुषा हुन्छन । भाषा, संस्कृति र भेषभुषा हाम्रा अमुल्य सम्पत्ति हुन् ।

हाम्रो विभिन्न चाडपर्व र उत्सवहरू जस्तै दसैं, तिहार, तिज, ल्होसार, उभौली, उधौली तथा अन्य जात्राहरूमा विभिन्न जातजातिहरूले आ-आफ्नो भेषभुषा लगाउँदछन् । दौरा सुरुवाल, कोट, टोपी ,वख्खु, चौवन्दी, चोलो, सारी, केड्मा, आंगी, नारीमोक्के, गोइलो, फरिया, हाकुपटासी आदि हाम्रा प्रचलित भेषभुषा हुन् ।

## ४.क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्

अ) तपाईंलाई मन पर्ने लुगा कुनु कुन हुन् ?

आ) तपाईंको घरपरिवार लगाईने कुनै ५ भेषभुषाको नाम लेख्नुहोस् ।

इ) तपाईंको समुदायका मानिसहरूले कुन कुन भेषभुषा लगाउँछन् ? लेख्नुहोस ।

ई) तपाईंको गाउँघरमा मानिसहरूले कुन-कुन पर्वमा के के लगाउँदछन ? आफ्ना अभिभावकसँग सोधेर लेख्नुहोस् ।

**जस्तैः** लाखेजात्रा-मुकुन्डो

साकेला नाचः दौरा,सुरुवाल, टोपी, सारी, चोलो, पटुका

**ख) तलका भेषभुषाहरू कुन-कुन जातिले लगाउँदछन् । जोडा मिलाउनुहोस् ।**

हाकुपटासी

दोचा

नारि मोक्ते

केङमा

**५. शिक्षकको सहायताले खाली ठाउँमा मिल्ने शब्द भुर्नहोस् ।**

क) दाइ ..................... लगाउनुहुन्छ । (कोट/चोलो)

ख) सुन चाँदीबाट ................. बनाइन्छ । (गहना/पोसाक)

ग) बुबा .............. लगाउनुहुन्छ । (दौरा सुरुवाल/फरिया)

घ) मुलुप्चा .................... जातिको कपडा हो (तामाङ/राई)

ङ) बुलाकी महिलाले ............... मा लगाउने गहना हो । (नाक/कान)

६. अभिभावक वा शिक्षकको सहयोगमा तपाईंको समुदायका बसोबास गर्ने कुनै पाँच जाजातिको अध्ययन गरी निम्न शीर्षकमा तालिका बनाई देखाउनुहोस् ।

५.तपाईंको समुदायमा बसोबास गर्ने कुनै पाँचवटा जातजातिको बारेमा निम्न शीर्षकमा तालिका बनाइ देखाउनुहोस ।

| क.सं. | जातजाति | बोल्ने भाषा | भेषभुषा | चाडपर्व |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. तपाईको गाउँ अथवा नजिकैको कुनै गाउँमा लाग्ने धार्मिक वा सांस्कृतिक मेला पर्वको अभिभावकसँग भ्रमण गरी अवलोकन गर्नुहोस् र त्यस मेला वा पर्वमा विभिन्न मानिसहरूले लगाएका भेषभुषाको वारेमा टिपोट गरी कक्षामा छलफल गर्नुहोस् ।

# हाम्रो संस्कृति

१. तल दिइएको तस्बिरहरु हेर्नुहोस र कक्षामा छलफल गर्नुहोस् ।







## २. तलका प्रश्नहरू बारे कक्षामा छलफल गरी लेख्नुहोस् ।

क) उपनयन भनेको के हो ?

ख) हङसिलि बारे सुन्नुभएको छ ? लेख्नुहोस ।

ग) स्याब्रु नाच कुन जातिको हो ?

४) तीज पर्व कसले मनाउँदछन् ?

## ३. तल दिइएको पाठ पढ्नुहोस् ।

हामी नेपालीहरू संस्कृतिमा धनी छौं । हाम्रो नगरपालिकामा विभिन्न जाजातिका आ-आफ्नै संस्कृति रहेको छ । हामीलाई आफ्नो संस्कृति प्यारो लाग्छ । संस्कृति हाम्रो पहिचान हो । भेषभुषा, भाषा,नृत्य, आस्था, मूल्यमान्यता ,संस्कार, खानपान, रहनसहनको समग्र रुपनै संस्कृति हो ।

हाम्रो संस्कृति जातजाति ,स्थानविशेष, धार्मिक मूल्यमान्यता, परम्परा अनुसार फरकफरक हुन्छ । यस्तो अवस्थालाई सांस्कृतिक विविधता भनिन्छ । साँस्कृतिक विविधता हाम्रो समाजको सुन्दर पक्ष हो ।

## ४. क) तपाईं बसेको समुदायका मानिसहरूमध्ये कुनै एक जाजातिको बारेमा शिक्षक वा अभिभावकसँग सोधेर तलको विवरण भर्नुहोस् ।

अ) जातजातिको नाम:

आ) बोल्ने भाषा:

इ) मान्ने धर्म:

ई) लगाउने भेषभुषा र गरगहना:

उ) मनाउने चाडपर्व

**ख) जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| त्रिपिटक | हिन्दु |
| रामायण | बौद्ध |
| मुन्धुम | इसाइ |
| बाइवल | किराँत |

**५. तल दिइएको पाठ पढी दिइएको प्रश्नहरूको उत्तर दिनुहोस् ।**

सिद्धिचरण नगरपालिका भित्र बसोबास गर्ने वायुङ राई जातिको साँस्कृतिक नृत्यलाई हङसिलि भनिन्छ ।





यो नाच विशेष गरी वायुङ राई समुदायले आफनो घरमा पितृ कार्य गर्दा नाच्ने गरिन्छ । पितृ कार्य (हङ) गर्दा मसिचा र मसिमी झ्याम्टाको तालमा नाच्दछन् । उनीहरूसँगै अन्य व्यक्तिहरू पनि सार मिलाएर नाच्ने गर्दछन् ।

क) तपाईंको आफ्नो समुदायमा हङसिलि जस्तै कुनै सांस्कृतिक नृत्य छ भने उक्त नृत्यबारे अभिभावकसँग सोध्नुहोस् र मुख्य मुख्य कुरा टिपोट गरी कक्षामा छलफल गर्नुहोस् ।

ख) तामाङ्ग समुदायको मौलिक बाजाको नाम डम्फुहो । यो बाजा बिभिन्न संस्कार , चाड र बिशेष अवसरहरूमा बजाईन्छ । मौलिक बाजा डम्फुको तालमा सेलो गीत गाउने गरिन्छ । यसलाई तामाङ सेलो भनिन्छ ।



डम्फुजस्तै तपाईंको समुदायको कुनै मौलिक बाजाबारे कक्षामा छलफल गर्नुहोस् र उक्त बाजाको चित्र बनाउनुहोस ।

## ६. तलको पाठ पढ्नुहोस र दिइएको निर्देशन बमोजिम क्रियाकलाप गर्नुहोस् ।

सबिन दाहाल सिद्धिचरण नगरपालिकामा बस्दछन् । उनको परिवारले हिन्दु धर्म मान्दछ । उनको समुदायमा हिन्दु धर्म अनुसारका सोह्र संस्कार रहेका छन् । एकदिन शिक्षकले कक्षामा सबिनलाई उनको घरपरिवारमा सम्पन्न हुने केही संस्कारबारे अभिभावकसँग सोधेर आउन भन्नुभयो । भोलिपल्ट सविनले अभिभावकसँग सोधेर ल्याएका कुराहरू निम्न बमोजिम कक्षामा प्रस्तुत गरे ।

**न्वारानः** शिशु जन्मिएको एघारौँ दिनमा ज्योतिषशास्त्र अनुसार बच्चाको नाम राख्ने कर्मलाई न्वारान भनिन्छ ।

**अन्नप्राशनः** बच्चा ६-७ महिनाको भएपछि अन्न खुवाउन शुरु गरिने संस्कारलाई अन्नप्राशन भनिन्छ ।

**व्रतबन्धः** जनै ग्रहण गर्ने धार्मिक प्रक्रियालाई ब्रतबन्ध भनिन्छ । बालकको उमेर ८ वर्ष पूरा भएपछि ब्रतबन्ध गरिन्छ ।





क) तपाईंको परिवारमा माथि सविनको परिवारले जस्तै आफ्नो जात र धर्म अनुसार गरिने संस्कारहरूको बारेमा अभिभावकसँग सोधपुछ गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

ख) तपाईंको कक्षामा अध्ययन गर्ने तपाईंका साथीहरू विभिन्न जाति र धार्मिक समुदायबाट आएका हुन सक्छन् । आफ्ना साथीहरूको जात र धर्मअनुसारका विभिन्न संस्कार र प्रचलनहरूबारे साथीहरूलाई सोधेर लेख्नुहोस् ।


# सिद्धिचरण पार्क

१. तल दिइएका तस्वीरका स्थानहरू चिन्नुहोस् र नाम लेख्नुहोस् ।









## २. तल दिइएका प्रश्नहरूबारे कक्षामा छलफल गर्नुहोस् ।

क) तपाईंको गाउँमा रहेको कुनै एक प्रसिद्ध स्थलको नाम बारे कक्षामा छलफल गर्नुहोस् ।

ख) तपाईंलाई युगकवि सिद्धिचरण श्रेष्ठको बारे के थहा छ? कक्षामा छलफल गर्नुहोस् ।

ग) तपाईं कतै घुम्न जानुभएको छ ? छ भने कोसँग र कुन ठाउँ घुम्न जानु भएको छ । छलफल गर्नुहोस् ।

घ) हाम्रो जिल्लाको नाम के हो ?

## ३) तल दिइएको पाठ पढ्नुहोस् ।



सिद्धिचरण पार्क सिद्धिचरण नगरपालिका वडा नं. १२ मा पर्दछ । यो स्थान युगकवि सिद्धिचरण श्रेष्ठको जन्मस्थल भएको हुनाले उहाँकै नामबाट यो पार्कको नाम सिद्धिचरण पार्क राखिएको हो । यहाँ सिद्धिचरण श्रेष्ठको पूर्ण कदको सालिक रहेको छ ।



सिद्धिचरण पार्कको छेउमा प्रसिद्ध ढुङ्गाको ओखल रहेको स्थानमा ओखलढुङ्गा पार्क रहेको छ । यही ढुङ्गाबाट नै हाम्रो जिल्लाको नाम ओखलढुङ्गा रहन गएको हो । मल्लकालीन समयमा काजी भिम मल्लका सेनाहरूले



यही ढुङ्गाको ओखलमा धान कुटी चामल बनाएर खाना खाएको भन्ने किंवदन्ती पाईन्छ ।

ढुङ्गाको ओखलमा भएको छेउमा धान कुट्दै  गरेका दुई जना भीम मल्लकालीन सेनाको प्रतिमा समेत राखिएको छ ।



यस स्थानमा वर्सेनी देश विदेशबाट हजारौ पर्यटकहरू आउने गर्दछन । यो पार्क हाम्रो जिल्लाको प्रसिद्ध पर्यटकीय स्थल हो ।

**१) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क) युग कवि भनेर कसलाई चिनिन्छ ?

ख) हाम्रो जिल्लाको नाम कसरी रहन गएको हो ?

ग) सिद्धिचरण पार्क कति नम्बर वडामा रहेको छ ?

घ)पर्यटकीय स्थल भनेको के हो ?

**२) तपाईंको वरिपरि स्थानीय स्तरमा रहेका रमाइला ठाउँको वारेमा आफ्ना अनुभवहरू कक्षा कोठामा सुनाउनुहोस् ।**

**३) तलको कविता शिक्षकसँगै लय हालेर गाउनुहोस् ।**

तिम्रै सुन्दर हरियालीमा
तिम्रै सुन्दर वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो ।
हाँस्यो खेल्यो वन कुञ्ज घुम्यो ।
मेरो प्यारो ओखलढुङ्गा ।




जब म चढेर भावको डुङ्गा
सयर गर्छु स्मृतिको प्रिय गङ्गा,
स्वप्न गगनबाट सुशीतल जल
सुख स्मृतिको बर्सन्छ रिमझिम
मेरो प्यारो ओखलढुङ्गा

क) माथिका सुन्दर हरफहरू युगकवि सिद्धिचरण श्रेष्ठले लेख्नुभएको हो । कविता अनुसार कविले आफ्नो वाल्यकाल कहाँ बिताउनु भएको थियो । लेख्नुहोस् ।

५) तलको पाठ पढ्नुहोस र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

## तलुवा गढी



तलुवा गढी ओखलढुङ्गा जिल्लाको साबिक तलुवा गाविस, ठूलाछाप गाविस र मोली गाविसको संगमस्थलमा रहेको छ । यो हालको सिद्धिचरण नगरपालिका वडा नं. २ पर्दछ ।



तलुवागढीलाई जानुका गढी पनि भनिन्छ किनकि यहाँ जानुकादेवीको मन्दिर स्थापना गरिएको छ ।

गढी भनेको प्राचीनकालमा शत्रुवाट जोगिन बनाइएको किल्ला हो । मुख्यतया ढुङ्गा र माटोको चौडा पर्खालले घेरेर अग्लो स्थानमा यस्ता गढीहरू बनाइने गरिन्थ्यो ।

उहिले तोलोवा नाम गरेका किराँत राजाले यही गढीमा बसेर सेनहरूसँग युद्ध लडेका थिए ।

**ख) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क) तलुवा गढी कहाँ पर्दछ ?

ख) गढी किन बनाइन्थ्यो ?

ग) तलुवा गढीमा कसको मन्दिर रहेको छ ?

घ) किराँत राजाले कोसँग युद्ध लडेका थिए ?

**६) हाम्रा वरपर रहेका महत्वपूर्ण सम्पदा संरक्षण गर्न के गर्नु पर्ला ? कक्षामा छलफल गर्नुहोस् ।**

**७) आफ्नो अभिभावकसँग ओखलढुङ्गा बजारमा रहेको सिद्धिचरण पार्क, ऐतिहासिक ओखलढुङ्गा रहेको स्थल र स्रष्टापार्कको भ्रमण गर्नुहोस् र त्यहाँ देखेका कुराहरू कक्षामा एक अर्कालाई सुनाउनुहोस् ।**





## ८) तलका चित्र र शब्दको जोडा मिलाउनुहोस् ।

रुम्जाटार




ओखलढुङ्गा बजार



ज्यामिरे



बेतिनी



९) तल दिइएको पाठ पढ्नुहोस ।

# जन्तरखानीको सेरोफेरो




जन्तरखानी सिद्धिचरण नगरपालिका वडा नं. ६ मा पर्दछ । यो हाम्रो नगरपालिकाको सबैभन्दा उत्तरमा रहेको वडा हो । यस वडामा पाल्ले, फलाँटे, वाखे, नलीडाँडा, मैदाने, कात्तिके, ठाडे बजार, जस्ता टोल बस्ती र बजार रहेका छन् ।





यहाँका मानिसहरूको मुख्य पेशा कृषि र पशुपालान रहेको छ । बुङको आलु यस क्षेत्रको प्रसिद्ध बाली हो । मकैबारीमा रोप्ने आलुलाई ल्होसे भन्दछन् । यहाँ मुख्य गरी मगर जातिको बसोबास रहेको छ ।









यस वडामा रहेको ठाडे बजार सुन्दर पर्यटकीय स्थल हो । यो बजार सिद्धिचरण राजमार्ग अन्तर्गत सोलु-ओखलढुङ्गा खण्डमा रहेको छ । यहाँबाट उत्तरतर्फ हेर्दा सुन्दर हिमश्रृंखलाहरू देखिन्छन् । यस स्थानबाट विश्वको सर्वोच्च शिखर सगरमाथा समेत देखिन्छ ।

जन्तरखानीमा प्रसिद्ध महघार गुफा रहेको छ । यो विशाल गुफा हाम्रो नगरपालिकाको पर्यटकीय सम्भावना रहेको स्थल मध्ये एक हो ।

## क) तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

अ) जन्तरखानीमा रहेको प्रसिद्ध गुफाको नाम के हो ?

आ) जन्तरखानीमा हुने मुख्य बाली कुन हो ?

इ) जन्तरखानीका कुनै तीनवटा बस्तीका नाम लेख्नुहोस् ।

ई) ठाडे बजारको कुनै एक विशेषता लेख्नुहोस् ।

## १०. तपाईंको वडामा रहेका महत्वपूर्ण स्थानहरूको अवलोकन भ्रमण गरी तलको तालिकामा विवरण लेख्नुहोस् ।

| स्थानको नाम | त्यहाँ रहेका मुख्य मुख्य कुरा |
|---|---|
| | |
| | |